फेरि सुरु भो, डेंगुको त्रास !

सामान्य नठान्न विज्ञको सुझाव

सबैले डेंगु नियन्त्रणमा सबैले आआफ्नो ठाउँबाट बराबर सहभागिता जनाए तीनै तहले डेंगु नियन्त्रणसम्बन्धी आवश्यक कार्यक्रम डेंगु संक्रमण र यसबाट मृत्यु हुने दर पनि कम गर्न सकिन्छ ।

■ चमिना भट्टराई

गर्मी लाग्यो, एउटा रोगको त्रास, जाडो लाग्यो अर्कोको । पानी परे पनि डराउनु पर्ने, नपरे पनि डराउन पर्ने । कुनै न कुनै रोगका त्रास कहिल्यै छुट्दैन ।

सिद्धिचरण नगरपालिका, झापाको भद्रपुर नगरपालिका, विर्तामोड नगरपालिका, मेची नगरपालिका र कचनाकवल गाउँपालिका, सुनसरीको धरान उहमानगरपालिका ब्यापदीको बेनी नगरपालिका, चितवनको भरतपुर महानगरपालिका, रूपन्देहीको बुटवल उपमहानगरपालिका, मकवानपुरको हेटौंडा उपमहानगरपालिका, सिन्धुलीको कमलामाई नगरपालिका र



डेंगु फैलने मौसम सुरु भयो

सरसफाइ र लामखुट्टे निर्मुल नै यसको उपाय हो । यसका साथै ख्याल गर्नुपर्ने अर्को कुरा भनेको डेंगुसँग कुनै पनि लक्षण देखिएमा तुरुन्त अस्पताल जाने र उपचार गराउन ढिलाइ गर्नुहुन्न ।

डा. शेरबहादुर पुन, *सरुवा रोग विशेषज्ञ*

यसपटक अरू बेलाभन्दा छिट्टो पानी परेकाले लामखुट्टे बढी देखिँदै छ । अहिलेको वातावरणले पनि डेंगु फैलनका लागि सहयोग पुऱ्याएको छ । अहिले पानी पर्ने र घाम लाग्ने भइरहेकाले लामखुट्टे बढेको छ । त्यसैले पनि डेंगु बढ्ने देखिन्छ । त्यसैले यसको विपत्ति फेरि पनि नआउला भन्न सकिन्न । अहिलेको मौसम भनेको लामखुट्टे फैलने र डेंगु बढ्नका लागि निकै अनुकूल मानिन्छ । त्यसैले हामी सबैले यसमा सचेत भएर बस्नुपर्छ ।

डेंगुका लागि अब हेलचेक्राइ गर्ने बेला होइन, अहिले सचेत भइएन भने समस्या आउन सक्छ । हामीलाई हरेक मौसममा आउने समस्याले पिरोल्ने गरेको छ । हामीकहाँ फैलिसकेपछि मात्रै काम गर्ने चलन छ । 'जब राती, तब बुढी ताती' भन्ने नेपाली उखान जस्तै छ हाम्रो काम गर्ने तरिका । त्यसो भयो भने समस्या हाम्रो नियन्त्रण बाहिर जाने र परिणाम गम्भीर हुन सक्छ ।

मान्छेले सामान्य रूपमा लिने होइन, मौसम र समय यही भएकाले सबै पक्ष सचेत हुनुपर्छ । खास गरी समस्या आउनुभन्दा अगाडि सचेत हुने हाम्रो बानी छैन । अहिलेदेखि नै नागरिक र राज्य दुवै पक्ष सचेत हुनुपर्छ । हामीले आफ्नो वरपर सरसफाइमा ध्यान दिने, लामखुट्टे बस्न सक्ने स्थानको पहिचान गरी नियन्त्रणको उपाय गर्नुपर्छ । यो काम राज्यले गर्ने होइन । तर राज्यले पनि हरेक वर्ष हामीले डेंगुको समस्या खेपेका हुनाले त्यस्तो समस्या आएमा समस्या आएमा गर्नेपर्ने सबै तयारी गर्नुपर्छ ।

संकट आउनुपूर्व नै तयारी गर्नुपर्छ । अहिलेदेखि नै तयारी अवस्थामा बसिएन भने गाह्रो हुनसक्छ । त्यसैले लामखुट्टेबाट बच्नु नै डेंगुबाट बच्नु भएकाले यसबारे सबैले आफूले जानेको र बुझेको कुरालाई प्रयोग गर्नुपर्छ । सरसफाइ र लामखुट्टे निर्मुल नै यसको उपाय हो । यसका साथै ख्याल गर्नुपर्ने अर्को कुरा भनेको डेंगुसँग कुनै पनि लक्षण देखिएमा तुरुन्त अस्पताल जाने र उपचार गराउन ढिलाइ गर्नुहुन्न । डेंगु सामान्य र हेल्चेक्राइ गर्ने रोग होइन । यसलाई सामान्य रूपमा बुझियो भने, त्यसको परिणाम गम्भीर हुनसक्छ । त्यो गम्भीर अवस्था आउन नदिन हामी सबै सचेत र चनाखो हुनपर्छ ।

अहिले मनसुन सुरूभएसँगै डेंगुको संक्रमण देखिन थालेको छ । विज्ञका अनुसार जुनदेखि अगस्टसम्म (असार-भदौ) सम्मलाई डेंगु सक्रमणको जोखिम कायम रहने समयका रूपमा लिइन्छ । विज्ञका अनुसार यो डेंगु फैलने समय पनि भएकाले सचेत हुने वेला हो ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (डिसिडी) को तथ्याकअनुसार १ जनवरीदेखि ८ जुनसम्म १ हजार २५५ संक्रमित भेटिएका छन् भने ७२ वटा जिल्लामा डेंगु संक्रमण पुष्टि भइसकेको छ । अहिलेसम्म सबैभन्दा धेरै संक्रमितको संख्या काठमाडौंमा देखिएको छ । काठमाडौंमा १३२, कास्कीमा ५०, सुनसरीमा ८७, चितवनमा ६१, पाल्पामा ५१, रूपन्देहीमा ४७, कञ्चनपुरमा ३७, दाडमा ३२ र भक्तपुरमा ३० जना संक्रमित भेटिएका छन् ।

इडिसिडीअन्तर्गत कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा.गोकर्ण दाहालले डेंगुलाई शून्यमा नै ल्याउने र डेंगु गराउने लामखुट्टे सखाप नै पार्न भन्ने अवस्था सिर्जना गर्न नसकिए पनि नियन्त्रण भने गर्न सकिने बताएका छन् । उनका अनुसार डेंगुको संक्रमण र मृत्युदर घटाउन सकिन्छ । यसका लागि सबै जनाको समन्वय आवश्यक हुन्छ । नागरिक, समुदाय, सरकारी-गैरसरकारी संस्था सबैले हातेमालो गर्नुपर्छ ।

महाशाखाका अनुसार गत पुस यता सबै स्थानीय तहको डेंगु संक्रमणको अवस्थाको अध्ययन भइरहेको छ । अन्य स्थानीय तहमा फाइट्बुट्ट डेंगु संक्रमण देखिएका छन् । तर १३ स्थानीय तहमा ५ वटासम्म संक्रमण देखिएकोले सतर्कता अपनाउन महाशाखाले पत्राचार गरेको जनाएको छ । पत्राचार गरिएका स्थानीय तहमा ओखलढुंगाको ललितपुरको ललितपुर महानगरपालिका रहेका छन् ।

पुस यता करिब ६०० जनामा संक्रमण देखिएको जनाइएको छ । शाखा प्रमुख डा.दाहालले अहिलेको पानीले खासै संक्रमण नबढाउने बताए । उनका अनुसार अहिलेको पानीबाट डेंगु सार्ने लामखुट्टे फैलिने छैन । एकछिन आउने त्यसपछि नआउने खालको छ । पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिकस प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकपछि डेंगु संक्रमण हुनसक्ने भएकाले सचेत भने हुनपर्ने देखिन्छ ।

डा. दाहालले यो वर्ष मनसुन छिट्टै सुरु भएको र मौसमविद्ले पानी धेरै पर्न सकी आकलन गरेकाले संक्रमण बढ्न सक्ने सम्भावना रहने सक्ने बताएका छन् । उनका अनुसार यो वर्ष डेंगु संक्रमण बढ्छ वा स्थिर रहन्छ भनेर आकलन गर्न हामीसित भेक्टरको पर्याप्त तथ्यांक छैन । यद्यपि मनसुन केही अघि सुरु भएको र धेरै पानी पर्ने भनिएको हुनाले पानी जम्मा हुने र सञ्चित भएर बस्ने र लामखुट्टेको विकास हुने सम्भावनालाई नकार्न नमिल्ने उनको दावी छ ।

डा. दाहालकाअनुसार सबैले डेंगु नियन्त्रणमा सबैले आआफ्नो ठाउँबाट बराबर सहभागिता जनाए तीनै तहले डेंगु नियन्त्रणसम्बन्धी आवश्यक कार्यक्रम डेंगु संक्रमण र यसबाट मृत्यु हुने दर पनि कम गर्न सकिन्छ ।

के हो डेंगु

डेंगु एक प्रकारको ज्वरो हो । यो लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो । डेंगुको भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ । यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रभन्दा सहरी क्षेत्रमा बढी पाइने गर्दछ । यस्तै यसले स-साना सफा पानी जमेको स्थानमा फूल पार्ने गर्दछ । खास गरी वर्षाको पानी जम्ने टिनका डब्बाहरू, रंगका खाली डब्बा, थोत्रो टायर, अलकत्रा वा मड्तिलेका खाली ड्रमहरू, फूलदानी, गमला, पानीका ट्यांकी आदिमा फुल पार्ने विज्ञ बताउँछन् । सहरी क्षेत्रमा यस्ता वस्तुहरू पर्याप्त मात्रामा हुने भएकाले पनि यो लामखुट्टे सहरमा बढी देखिएको हो ।

विज्ञका अनुसार डेंगु तीव्र भाइरल संक्रमण हो । यो भाइस डेंगु-१, डेंगु-२, डेंगु-३ र डेंगु-४ गरी ४ प्रकारका हुन्छन् । एडिज लामखुट्टे कालो रंगको हुन्छ, जसमा सेतो थोप्ले पनि देखिन्छ । यो लामखुट्टेले विशेषगरी दिउँसो टोके गर्दछ । औलो उत्पन्न गर्ने लामुखट्टे फोहोर पानीमा पाइने भए पनि डेंगु सार्ने लामखुट्टेले थुप्रै दिनदेखि हलचल नभएको स्वच्छ पानीमा फुल पार्छ । डेंगु रोग क्लासिक डेंगु, हेमोरेजिक र साक सिन्ड्रोम गरी ३ प्रकारका छन् । क्लासिक डेंगु सामान्य प्रकारको डेंगु हो । यो आफैं निको हुन्छ, मृत्युको सम्भावना कम हुन्छ । तर यदि कुनै व्यक्तिलाई डेंगु हेमोरेजिक ज्वरो वा डेंगु साक सिन्ड्रोम भएको छ भने यसको उचित प्रकारले उपचार नगरे मृत्यु हुन सक्छ ।

यसको लक्षणअनुसार स्वास्थ्य संस्थामा उपचार गरिन्छ । ज्वरो घटाउन सिटामोल खानुपर्छ तथा प्रशस्त झोल पदार्थ खानुपर्छ । तर ज्वरो घटाउने भनेर एस्पिरीन तथा आइबुप्रोफेन भने खान नहुने डाक्टरको सल्लाह छ । डेंगु ज्वरो विरुद्धको खोप तथा खाम उपचार समेत नभएको हुँदा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगको बचावटको मुख्य उपाय भएको बताइन्छ । डेंगु ज्वरोको शंका लागेमा हुन सक्ने जटिलताबाट बचाउन तत्काल नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुपर्छ चिकित्सक सुझाउँछन् ।

डेंगुको लक्षण

हरेक रोग वा संक्रमणको लक्षण हुने गर्छ । यस्तै डेंगुको लक्षण भनेको एक्कासि उच्च ज्वरो आउनु हो । यो ज्वरो ५ देखि ७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्दछन् ।

- असाध्यै टाउको दुख्ने ।
- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने ।
- ढाड, जोर्नी तथा मांसपेशीहरू दुख्ने ।
- शरीरमा बिमिरा आउने ।
- वाकवाकी लाग्ने ।
- पेट दुख्ने ।
- नाक वा गिजाबाट रगत बग्ने ।
-रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने, वेहोस हुने आदि लक्षणहरू पनि देखा पर्न सक्ने ।

डेंगुबाट बच्ने उपाय

- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्नु पर्छ ।
- पानी जम्न सक्ने भाँडाहरू जस्तै गमला, फुलदान, खाली बट्टा, अलकत्रा वा मड्तिलेका खाली ड्रमहरू, गाडीका काम नलाग्ने टायररूरू आदिमा पानी जम्न दिनुहुन्न ।
- पानीको ट्यांकीलाई लामखुट्टे प्रवेश गर्न नदिने गरी छोपेर राख्ने ।
- कुलरमा रहेको पानीमा प्रत्येक हप्ता १-२ चम्चा मड्तिलेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने ।
- फुलदानीमा रहेको पानी हप्तामा दुईपटक फेर्ने ।
- यस लामखुट्टेले दिउँसो टोक्ने हुँदा दिउँसो बस्दा वाहुला भएको वा शरीर ढाकिने लुगा लगाउने ।
- सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्नुपर्छ, साथै साना केटाकेटीलाई जुनसुकै समयमा पनि झुलभित्र सुताउनु पर्दछ ।
- लामखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ ।
- घरका झ्याल ढोकामा जाली लगाउनु पर्छ ।
- घर वरिपरि सफा सुथर राख्ने, पानी जम्ने खाल्टाखुल्टी पुर्ने गर्नुपर्छ ।

मापदण्डविपरीत निर्माण भेटिएपछि गुर्जाको ढल नाला भत्काएर पुनर्निर्माण

■ सौर्य समाचार

म्याग्दी । जिल्लाको धौलागिरि गाउँपालिका-१ गुर्जामा छपनी दुङ्गा बिछ्याएर गरिएको ढलको नाला ढलान भत्काइएको छ । धैलागिरि गाउँपालिकाले सञ्चालन गरेको गुर्जाखानी छन्त्याल बस्ती पूर्वाधार योजनामा निर्माण व्यवसायीले त्रुटि गरेको भेटिएपछि भत्काएर पुनर्निर्माण गर्न लगाइएको हो । जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख डिलकुमारी खत्री, गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पुन, उपाध्यक्ष रेशम पुनगर, वडाध्यक्ष झक छन्त्यालको टोलीले उक्त योजना अनुगमनका क्रममा मापदण्ड, ठेक्का सम्झौता र डिजाइनभन्दा फरक काम भएको पहिचान गरेको थियो ।

गाउँपालिकाका उपाध्यक्ष पुनगरले स्थानीयको गुनासोपछि अनुगमनका क्रममा त्रुटि भएको नालाको खण्ड भत्काएर पुनर्निर्माण गर्न लगाएको जानकारी दिए । रड र फर्मा राखेर ढलान गर्नुपर्नेमा नालाको ढकनीमा दुङ्गाको छपनी राखेपछि गिट्टी, बालुवा र सिमेन्ट राखेर ढलान गरेको भेटिएपछि करिब २० मिटर नाला भत्काएर पुनर्निर्माण गराएको उनले बताए । सङ्घीय सरकारले चालु आर्थिक वर्षमा २५ लाख रुपैयाँ विशेष अनुदान उपलब्ध गराएको उक्त योजना निर्माणका लागि एसके कन्ट्रक्सनले २०८२ माघमा २२ लाख ९९ हजार ६०६ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो ।

दुई सय ६० मिटर पक्की नाला निर्माण गर्नुपर्ने योजनाको करिब ८० प्रतिशत भौतिक प्रगति भएको छ । निर्माण कम्पनीका स्थानीय प्रतिनिधी कमल छन्त्यालले मजदुरहरुले काम गर्ने क्रममा डिजाइन नबुझेर छपनीमा ढलान गरेको स्विकार गर्दै कमजोरीलाई सुधार गरिएको बताए । गुर्जा र चुरेन हिमालको फेदीमा समुद्री सतहदेखि दुई हजार ७०० मिटर उचाइमा रहेको गुर्जामा अल्पसंख्यक छन्त्याल र दलित समुदायका २६० घरपरिवारको बसोबास रहेको छ । गुजमुङ्ग बाक्लो बस्ती रहेको गुर्जामा ढल व्यवस्थापन गरी सरसफाइ कायम गराउन आयोजना सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष पुनले बताए ।

युनिक प्लष्टिक उद्योग लिमिटेड

कम्पनीको रजिष्टर्ड कार्यालय, हेटौंडा-०८, मकवानपुर

विशेष साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३/०१/२९ गते)

श्री शेयरधनी महानुभावहरु,

मिति २०८३/०१/२५ गते बसेको संचालक समितिको १२औं बैठकको निर्णय बमोजिम उद्योगको विशेष साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

सभा बस्ने मिति, स्थान र समय:

मिति : २०८३/०२/१३ गते

समय : बिहान ११:०० बजे

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, हेटौंडा-०८, मकवानपुर ।

विशेष प्रस्तावहरु:

१. यस कम्पनीको अधिकृत पुंजी रु.३५,००,००,०००/- (अक्षरेपी पैंतिस करोड रुपैया) रहेकोमा उक्त अधिकृत पुंजी वृद्धि गरी रु.५०,००,००,०००/- (अक्षरेपी पचास करोड रुपैया) कायम गर्ने र जारी पुंजी रु.१९,००,००,०००/- (अक्षरेपी उन्नाइस करोड) वाट वृद्धि गरी रु.५०,००,००,०००/- (अक्षरेपी पचास करोड रुपैया) कायम गर्नका लागि हाल कायम रहेको प्रबन्धपत्रमा संशोधन गर्ने ।

२. कम्पनीको सञ्चालक समितिको संख्यामा ७ (सात) जनाको व्यवस्था भएको र सञ्चालक समितिको कार्यकाल ५ वर्ष रहेकोमा उक्त व्यवस्था परिवर्तन/संशोधन गरी सञ्चालक समितिको संख्या ५ (पाँच) जना र कार्यकाल ४ वर्षको रहने गरी नियमावली संशोधन गर्ने ।

३. यस कम्पनीले गाभ्ने गाभिने वा प्राप्ती गर्ने (Merger/Acquisition) प्रयोजनका लागि आवश्यतानुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने, सो उपर आवश्यक सम्झौता वा स्किम अफ अरेन्जमेन्ट तयार पारी सहि दस्तखत गर्न तथा सोही सन्दर्भमा उपयुक्त कम्पनी तथा साझेदारको खोजी तथा अध्ययन गर्न एवं सम्भाव्यता अध्ययन गर्नका लागि प्रचलित ऐनको व्यवस्था प्रतिकूल नहुने गरी सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४. विविध ।

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, मलेखु शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०१/२९ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखितहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरतालेका गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल माघ महिना २८ गतेको 'सौर्य' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरुको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौंमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नगएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा सायिकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा गेरो/हामो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपर्नेछ भनि कानी कलै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्योहरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्योहरा समेत जानकारी गराईन्छ ।

तपसिल:

ऋणीको नाम थर र ठेगाना :
दिनानाथ थपलियाको नाती, गिमबहादुर थपलियाको छोरा, धादिङ जिल्ला, बेनीघाट रोराङ् गा.पा. वडा नं. ७ बस्ने **गुणराज थपलीया ।**
व्यक्तिगत/संस्थागत जमानतकर्ताहरूको नाम र ठेगाना :
१. रामबहादुर अर्यालको छोरी, गुणराज थपलियाको श्रीमती, धादिङ जिल्ला, धुन्चा गा.वि.स. वडा नं. २ बस्ने **कल्पना थपलिया ।**
२. गिमबहादुर थपलियाको नाती, गुणराज थपलीयाको छोरा, धादिङ जिल्ला, बेनीघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **करन थपलिया ।**
३. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, काल्कीमा प्रा.फ.र.नं. १५८७/०७३-०७४ कायम भई मिति २०७३/०५/१३ मा दर्ता भएको कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ९ स्थित **थपलिया तरकारी सप्लायर्स ।**
धितो सुरक्षणको विवरण :
गुणराज थपलियाको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, बेनीघाट गा.वि.स./ग.पा. वडा नं. २ (नक्सा सीट नं. २/१७)को क्रित्ता नं. १४०१ को ९५३७ (१८मि) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरु :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सकलल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्ती कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय मलेखुमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरोटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरियाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरोटी रकम फिर्ता हुने छैन ।
१० इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८३ साल जेष्ठ महिना १८ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई राख्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्न लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/जोप्ज शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८३ साल जेष्ठ महिना २० गते ।

स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ ।

समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com

अलकापुरी, नक्साल, काठमाण्डौ, नेपाल फोन: +९७७-१-५९४००३३, फ्याक्स: +९७७-१-५९४८९६९, ईमेल: sanima@sanimabank.com